स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ संख्या : १ मिति : २०७६/०३/०१

**भाग–२**

# विद्यालय शिक्षक अनुदान सम्वन्धी मापदण्ड, २०७६

**प्रस्तावना :**

बोगटान गाउँपालिका अन्तर्गत जम्म ४१ वटा विद्यालयहरु रहेका छन् । शिक्षक दरबन्दी र भौतिक पुर्वाधारका हिसावले विद्यालयको अवस्था दयनिय रहेको छ । अधिकांस विद्यालयहरुमा दरबन्दी नै नहुनु, भए पनि थोरै हुनु, विद्यार्थी संख्या बढी हुनु यस गाउँपालिकाको विद्यालय क्षेत्रको समस्या रहेको छ । यी कुराहरुलाई मध्यनजर गरी सबै भन्दा पहिले विद्यालयहरुलाई शिक्षक अनुदान दिन आवश्यक छ । निश्चित मापदण्डको आधारमा शैक्षिक गुणस्तर वृद्धी गर्न विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्था गर्न गाउँपालिकाबाट विनियोजित शिक्षा तर्फको बजेटलाई संचलना तथा ब्यवस्थापन गर्न बोगटान फुड्सिल गाउँपालिकाले यो विद्यालय शिक्षक अनुदान सम्वन्धी मापदण्ड, २०७६ तयार गरी लागु गरिएको छ ।

## परिच्छेद - १

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस मापदण्डको नाम “विद्यालय शिक्षक अनुदान सम्वन्धी मापदण्ड, २०७६” रहेको छ ।

(२) यो मापदण्ड डोटी जिल्ला बोगटान फुड्सिल गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ ।

(३) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) विद्यालय भन्नाले सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(ग) शिक्षा शाखा भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्दछ ।

(घ) शिक्षक अनुदान भन्नाले बोगटान फुड्सिल गाउँपालिकाले जुन सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढी र शिक्षक संख्या कम छन् त्यस्तो विद्यालयमा निजी स्रोतमा नियुक्त शिक्षकलाई पारिश्रमिक खुवाउन र विद्यालयमा अध्ययनरत बालबालिकाको शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने कार्यमा खर्च गर्नका लागि छुट्याएको रकम सम्झनु पर्दछ ।

**३. उद्देश्य :**

(क) नेपालको स ंविधान २०७२ को मुल मर्म अनुसार कक्षा तथा तह थपको अनुमति प्राप्त गरेका तर कुनै पनि अनुदान रकम प्राप्त नगरेका निजी स्रोतमा सञ्चालीत विद्यालयका निजी स्रोत शिक्षकहरुको पारिश्रमिक रकम उपलब्ध गराई बिद्यालयलाई आर्थिक भार कम गर्ने ।

(ख) अभिभावकबाट चन्दा र विद्यार्थीहरुबाट शुल्क उठाउनु पर्ने परिपाटीको अन्त गरी अभिभावक र विद्यालयको व्यय भार कम गर्ने ।

## ४. कार्यक्षेत्र :

यस बोगटान फुड्सिल गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत प्रकृयागत रुपमा छनौट गरी नियुक्त गरिएको निजी स्रोत शिक्षकहरु तथा नयाँ नियुक्त गरिने निजी स्रोत शिक्षकहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

## ५. विद्यालयमा अनुदान वितरणका आधाहरु :

(क) कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयहरुमा कुनै पनि दरबन्दी नभएका वा १ वटा मात्र राहत/दरबन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु. १,००,०००।- (एक लाख) सम्म अनुदान उपलब्ध गराउने ।

(ख) कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयहरुमा १ वा २ वटा मात्र राहत/दरबन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु. २,००,०००।- (दुई लाख) सम्म अनुदान उपलब्ध गराउने ।

(ग) कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयहरुमा ६ - ८ कक्षा सम्म १ वा २ वटा मात्र राहत/दरबन्दी भएका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु. ३,००,०००।- (तीन लाख) सम्म अनुदान उपलब्ध गराउने ।

(घ) कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयहरुमा मा.वि. तहमा कुनैपनि दरबन्दी नभएका तथा मा.वि. तहमा १ वा २ स्वीकृत दरबन्दी वा राहत दरबन्दी भएका विद्यालयलाई विद्यार्थी संख्याका आधारमा बढीमा रु. ५,५०,०००।- (पाँच लाख पचास हजार) सम्म अनुदान उपलब्ध गराउने ।

(ङ) शिक्षक अनुदान दिँदा विद्यार्थी संख्याका अतिरिक्त विद्यालयको तल्लो तहको दरबन्दी, शैक्षिक, भौतिक र आर्थिक अवस्था हेरी विद्यालयहरुलाई दिईने अनुदान रकम फरक हुन सक्ने छ ।

## ६. निजी स्रोतको शिक्षक सम्वन्धी व्यवस्था :

(क) यदि यो मापदण्ड पुर्व नै प्रचलित ऐन, नियम बमोजीम शिक्षक विद्यालयहरुमा छनौट भई निजी स्रोतमा कार्यरत शिक्षकहरुको विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजीम अनुदान बाट तलब भत्ता खुवाउन म्याद थप गर्ने र निजी स्रोतमा शिक्षक नियुक्त नगरेका विद्यालयहरुले प्रचलित ऐन नियम बमोजीम प्रकृया पुऱ्याई निजी शिक्षक नियुक्त गर्ने ।

## ७. अनुदान निकासा तथा सो को लेखा परीक्षण सम्वन्धी :

(क) विद्यालयमा निजी स्रोतमा कार्यरत शिक्षकको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार म्याद थप गरी नियमानुसार अनुदान रकमबाट तलब भत्ता खुवाउनु पर्नेछ ।

(ख) गाउँपालिकाबाट अनुदान खाने निजी स्रोत शिक्षकहरुको नियुक्ति तथा म्याद थपको व्यक्तिगत बिबरण, हाजिरी प्रमाणित, पारिश्रमिक बुझेको भर्पाई सहितको फाईल तयार गरी १ प्रति विद्यालयले राख्ने र १ प्रति शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(ग) अनुदान रकमको विल भर्पाई तथा खर्चको विवरण सम्बन्धी कागजात विद्यालयले अभिलेख राखी गाउँपालिकाबाट नियुक्त लेखापरिक्षकबाट लेखापरिक्षण गराई सो को प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

**८.** यस मापदण्डमा उल्लेखित शर्तहरुको पालना तथा आधार प्राप्त नगरेमा गाउँपालिका बाट दिईने अनुदान रकम उपलब्ध गराईने छैन ।

**९.** अनुदान रकमको खर्चको लेखापरिक्षण गराउने जिम्मेवारी विद्यालयको रहनेछ ।

**१०.** यो मापदण्डको सञ्चालन तथा कार्यान्वयनमा कुनै बाधा, ब्यबधान वा समस्या देखिएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

आज्ञाले

**प्रमुख प्रशासकीय अधिकृत**